# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, साउन ०३ गते, २०७६ साल (अतिरिक्ताङ्क १२

## भाग १

प्रदेश सरकार

प्रदेश नं. ३, हेटौंडा

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

प्रदेश नं. ३ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०७६ सालको ऐन नं. १०**

## प्रदेश आर्थिक ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना**ः प्रदेश आर्थिक ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "प्रदेश आर्थिक (पहिलो संशोधन) ऐन, २०७६" रहेको छ।

(२) यो ऐन सम्बत् २०७५ साल श्रावण१४ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **प्रदेश आर्थिक ऐन, २०७५ मा संशोधन**ः प्रदेश आर्थिक ऐन, २०७५ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को अनुसूची-१ मा संशोधन :-

(१) अनुसूची-१ को खण्ड (क) मा रहेको घरजग्गा रजिष्ट्रेशन शुल्क शीर्षकको सट्टा "घरजग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क" राखिएको छ।

(२) अनुसूची-१ को खण्ड (क) मा रहेको "घरजग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क" शीर्षक अन्तर्गतको सि.नं. ८ मा रहेको धर्मपुत्र, धर्मपुत्रीको लिखत व्यवस्था हटाईएको छ।

(३) अनुसूची-१ को खण्ड (क) को घरजग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क शीर्षकको सि.नं. १४ पछि १४(क) र १४(ख) थपिएको छ ।

| सि.नं. | लिखतको प्रकार | महानगरपालिका क्षेत्र | | | उप-महानगरपालिका क्षेत्र | | | नगरपालिका क्षेत्र | | | गाउँपालिका क्षेत्र | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थानीय | प्रदेश | एकल दर | स्थानीय | प्रदेश | एकल दर | स्थानीय | प्रदेश | एकल दर | स्थानीय | प्रदेश | एकल दर |
| १४(क) | शेषपछिको बकसपत्र संशोधन वा रद्द गर्दा:<br>क. शर्त संशोधन<br>ख. बकसपत्र रद्द | ७२०/-<br>९००/- | ४८०/-<br>६००/- | १२००/-<br>१५००/- | ६००/-<br>८४०/- | ४००/-<br>५६०/- | १०००/-<br>१४००/- | ५४०/-<br>७२०/- | ३६०/-<br>४८०/- | ९००/-<br>१२००/- | ३६०/-<br>६००/- | २४०/-<br>४००/- | ६००/-<br>१०००/- |
| १४(ख) | अन्य लिखत<br>क. रकम खुलेकोमा<br>ख. रकम नखुलेकोमा | २.४%<br>४२००/- | १.६%<br>२८००/- | ४%<br>७०००/- | १.८%<br>३६००/- | १.२%<br>२४००/- | ३%<br>६०००/- | १.२%<br>२४००/- | ०.८%<br>१६००/- | २%<br>४०००/- | ०.६%<br>१२००/- | ०.४%<br>८००/- | १%<br>२०००/- |

(४) अनुसूची-१ को खण्ड (ग) मा रहेको विविध शीर्षकको सि.नं. १ पछि देहायको १(क) थपिएको छः-

"१(क). काठमाडौं उपत्यका भित्रका महानगरपालिका, उप-महानगरपालिका र नगरपालिका क्षेत्रभित्रको पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन शुल्कको सि.नं. १, २ र ३ मा उल्लेख गरिएको रजिष्ट्रेशन लिखतको थैली अंकको शून्य दशमलव पाँच प्रतिशत शुल्क "बागमती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क असुल गरिनेछ।""

(५) अनुसूची-१ को खण्ड (ग) मा रहेको विविध शीर्षकको सि.नं. २० को सट्टा देहायको सि.नं. २० राखिएको छः-

"(२०) कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि निकायलाई निशुल्क रुपमा प्राप्त भएमा वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि निकायले खरिद गरी लिएमा सोमा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन।"

**स्पष्टीकरणः यस ऐनमा अन्यन्त्र जुन सुकै कुरा लेखिएको भएतापनि यस संशोधनको वुँदा नं. १, २ र ३ सम्बत् २०७५ साल पुस २ गते तथा वुँदा नं. ५ सम्बत् २०७५ साल चैत्र १३ गते देखि लागू हुनेछ ।**

३. **मूल ऐनको अनुसूची-५ मा संशोधन**ः मूल ऐनको अनुसूची-५ को सट्टा देहायको अनुसूची-५ राखिएको छः-

## अनुसूची-५

(दफा ९ सँग सम्बन्धित)

**दहत्तर वहत्तर शुल्क**

| सि.नं. | विवरण | इकाई | दर(संकलन शुल्क) | दर(बिक्री शुल्क) |
|---|---|---|---|---|
| १. | ढुङ्गा, चुनढुङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा घाटगद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घन फिट | रु.३/- | रु.६/- |
| २. | माटो घाटगद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घन फिट | पचास पैसा | रु.२/- |
| ३. | खानीजन्य उद्योगले आफैंले संकलन गरेको वस्तुमा बिक्री शुल्क मात्र लगाइनेछ । | | | |
| ४. | प्रदेश भित्र उत्पादन हुने सिमेन्टको हकमा कारखाना मूल्यको ०.२५ प्रतिशतका दरले प्राकृतिक स्रोत शुल्क लगाइनेछ ।(संघीय कानून बमोजिम चुनढुङ्गा खानीको अनुमति लिई सञ्चालनमा रहेका सिमेन्ट उद्योगलाई सि.नं. १ मा उल्लिखित चुनढुङ्गामा संकलन शुल्क र बिक्री शुल्क नलाग्ने) | | | |

**प्रमाणीकरण मितिः २०७६।०४।०३**

**आज्ञाले,**

**विनोद प्रकाश सिंह**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३, हेटौंडामा मुद्रित।

मूल्य रु.५।-